बैठक संख्याः ०८ - ०७८/७९

मितिः २०७८/१०/१०

**प्रस्तावहरुः**

प्रस्ताव नं. १ः पिपलनेटा घुल्टुङ्ग खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. २ः जोहाङ्ग जुनियाँ लिफ्टिङ्ग खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. ३ः लिम्घा खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. ४ः हेभि इक्युप्मेन्टको दर भाउ सम्बन्धमा ।

प्रस्ताव नं. ५ः जनता मा.वि. को बस सञ्चालन अनुदान सम्बन्धमा ।

प्रस्ताव नं. ६ः करार कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६ को संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ७ः करार शिक्षक छनौट कार्यविधि स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ८ः जेनेरेटर खरिद सम्वन्धमा ।

प्रस्ताव नं. ९ः राजश्व सुधार योजना, क्षमता विकास योजना, संगठन तथा व्यवस्थापन सर्वेक्षण, आवधिक योजना, मध्यकालिन खर्च संरचना तयार, श्रोत व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. १०ः विविध सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १०: प्रस्ताव नं. १० माथी छलफल गर्दा निम्नानुसारको निर्णयहरु गरियो ।

विविध (क): यस गाउँपालिका वडा नं. ३ मा रहेको श्री नव विहानी आ.वि., मा बालविकासमा जम्मा ३ जना र प्राथमिक तहमा जम्मा ४ जना मात्र विद्यार्थीहरु भएकोले सो विद्यालय श्री गोगलपुर आ.वि. मा समायोजन गरी सो विद्यालयको बालविकास सहजकर्ता श्री गोगलपुर आ.वि. मा रहने र कार्यालय सहयोगीलाई श्री धर्मपुर मा.वि. प्रा.वि. शाखामा कामकाजमा खटाउने साथै यस गाउँपालिका वडा नं ४ मा रहेको श्री सत्यवती आ.वि, र वडा नं. ६ मा रहेको श्री ज्ञानोदय आ.वि, चेघाको विषयमा त्यहाँको समुदायसँग समन्वय गरी आगामी शैक्षिक शत्रबाट विद्यार्थीहरु घरबाट विद्यालयसम्म ल्याउने लैजाने जिम्मेवारी सहित १ जना स्थानीय निजि शिक्षक व्यवस्थापन गरी नजिकैको विद्यालयमा समायोजन गर्ने निर्णय गरियो ।

(ख) जोहाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत डा. शिला ढकाल र डा. सुनिल ज्ञवालीलाई उहाँहरुले कोभिड महामारीको समयमा गरेको कामको उच्च मूल्याङ्कन गर्दै सम्मान गर्ने निर्णय गरियो ।

(ग) सडक किनारा मिचि विक्री गर्ने सरसामान राखी सवारी साधन आवत जावतमा समस्या भई दुर्घटना समेत हुने सम्भावना रहेकोले सडक किनारामा सरसामान राख्न निषेध गर्ने, अटेर गरिराखेमा जरिवाना गर्ने, निर्माण सामाग्रीको हकमा रु. ५० प्रति वर्ग मिटर शूल्क तिरी राख्न पाउने र फोहोरहरु जथाभावी नालीमा तथा नदी किनारमा फ्याक्न निषेध गर्ने कार्यमा नगर प्रहरीहरुलाई परिचालन गर्ने निर्णय गरियो ।

(घ) जोहाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा रिक्त रहेको दुई वटा मेडिकल अधिकृतको स्थायी दरवन्दीमा मेडिकल अधिकृत सरुवा भई वा करारमा आउन चाहेमा निजलाई नेपाल सरकारले तोकेको स्केलमा शत प्रतिशत भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

(ङ) नवप्रवर्तन साझेदारी कोषमा यस सत्यवती गाउँपालिकाको कृषि तथा पशुपालन विकास तथा सिकाई केन्द्र स्थापना गर्ने गरी तोकिएको ढाँचामा अवधारणा पत्र पेश गर्ने निर्णय गरियो ।

पारिश्वर ढकाल
अध्यक्ष